# नेपालगंज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### नेपालगञ्ज, बांके जिल्ला, ५ नं. प्रदेश, नेपाल

दोश्रो पटक सूचना प्रकाशित मितिः २०७५।०२।२६

## राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था र निजी क्षेत्रका संस्थाहरुलाई आ.व. २०७५/०७६ मा संचालन हुने प्रस्तावित कार्यक्रम र बजेट पेश गर्ने बारे अत्यन्त जरुरी सूचना

नेपालगञ्ज उप-महानगरपालिकाको आसन्न नगर सभा बाट आ.व. २०७५/०७६ (सन् २०१८/०१९) को नगर विकास योजना तयारी गर्ने क्रममा रहेकोले स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५ बमोजिम यस उप-महानगरपालिकाको नीति र मान्यता भीत्र रही आफ्नो स्रोतबाट कार्यक्रम संचालन गर्न चाहने राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी संस्था र निजी क्षेत्रका संस्थाहरुले कार्यक्रम संचालन गर्नुपूर्व नगर सभाबाट कार्यक्रम पारित गराउनु पर्ने प्रावधान भए बमोजिम यस उप-महानगरपालिका क्षेत्रमा आ.व. २०७५।०७६ मा संचालन गर्ने कार्यक्रम र बजेट देहायको ढाँचामा नेपाली भाषामा उल्लेख गरि संस्थाको पत्र समेत संलग्न राखि मिति २०७५।०२।३१ गते भित्र यस कार्यालयको सामाजिक विकास शाखामा अनिवार्य रुपमा पेश गर्नुहुन पुनः अनुरोध छ । कार्यक्रम भए नभएको वारेमा कुनै जानकारी पेश नगर्ने संस्थाहरुले उप-महानगरपालिका क्षेत्रमा कार्यक्रम संचालन गर्न नपाउने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । प्रकाशित सूचना यस कार्यालयको website: www.nepalgunjmun.gov.np मा हेर्न सकिनेछ । यस अघि २०७५।०२।१७ गते प्रकाशित सूचना बमोजिम कार्यक्रम पेश गरिसकेका संस्थाहरुले पुनः कार्यक्रम पेश गर्नुपर्नेछैन ।

**नोटः** अक्षर Preeti तथा अंक Fontasy_ Himali_TT Fonts मा टाइप गरि कार्यक्रम तथा बजेट Pen drive मा राखी तल उल्लेखित ढांचामा मात्रै बुझाउनहुन अनुरोध छ । यस बाहेकको फर्मेटमा आएको कार्यक्रम मान्य हुने छैन र फर्मेट बमोजिम सफ्ट कपी तथा प्रिन्टेड कपि पेश नगरेमा वार्षिक योजनामा संस्थाको कार्यक्रम समावेश गर्न सकिने छैन् ।

---

## कार्यक्रम तथा बजेट पेश गर्ने ढाचां
### नेपालगञ्ज उप-महानगरपालिकामा पेश गरिएको
### आ.ब. २०७५/०७६ को प्रस्तावित कार्यक्रम तथा बजेट

**संस्थाको नामः-** **ठेगानाः-**
**संस्थाको सम्पर्क व्यक्तिको नामः-** **फोन/मो.नं.**
**आ.व. २०७५/०७६**

**अनुमानित कार्यक्रम तथा बजेट**

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान, वडा नं. | लक्षित समुदाय/समुह | कार्यक्रम बजेट रु | साझेदार संस्था | कार्यक्रमको अवधि |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| | जम्मा प्रशासनिक बजेट | | | | | |
| | **कूल बजेट** | | | | | |

**नेपालगञ्ज उप-महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**नेपालगञ्ज, बांके ।**